# मंगलसेन राजपत्र

मंगलसेन नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) संख्या २ मितिः २०८३ असार ३०

## भाग १

## मंगलसेन नगरपालिकाको सूचना

मंगलसेन नगरपालिका, अछाम २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, मंगलसेन नगरपालिकाको विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको "विनियोजन ऐन, २०८३" लाई मंगलसेन नगरपालिकाकोको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को दफा (७) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:



## मंगलसेन नगरपालिकाको विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विनियोजन ऐन, २०८३

**प्रस्तावना** : मंगलसेन नगरपालिका, अछाम २०८३।८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप– धारा (२) बमोजिम मंगलसेन नगरपालिका, अछामको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मंगलसेन नगरपालिका, अछामको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सम्बत् २०८३ श्रावण १ देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१)आर्थिक वर्ष २०८३।८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम

६४,४५,४६,०००।- (अक्षेरुपी रुपैयाँ चौसट्ठि करोड पैतालिस लाख छयालिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त मंगलसेन नगरपालिका, अछामको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा



खण्ड ९) संख्या २ मंगलसेन राजपत्र, भाग १ मिति २०८३/०३/३०

निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची १

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, अछाम
कार्यालयको कोड : ८०७७२४०३३००
आय व्ययको बिबरण

| शीर्षक | | आ.व.२०८१।८२ को यथार्त | आ व २०८२।८३ कोसंशोधित अनुमान | आ.व.२०८३।८४अनुमान |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | १३१६०६७१.७३ | १०५००००० | ११०१०००० |
| ११३१३ | सम्पत्ति कर | १२०९५३६ | १३००००० | १३००००० |
| ११३२१ | वहालकर | १३१७३४४.३२ | ९००००० | ७००००० |
| १४६११ | व्यवसायकर | १२९६१२० | ९००००० | १०००००० |
| ११४३१ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ३८२४८७६.५ | २५००००० | २६००००० |
| १४२४२ | नक्सापास दस्तुर | ६८०५८.२५ | ३००००० | ४००००० |
| १४२४३ | सिफारिसदस्तुर | १०२१४४२ | ८००००० | ८००००० |
| १४२४४ | व्याक्तिगत घटना दर्ता दस्तुर | ५१०६५० | ५००००० | ६००००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ४१२०० | ५०००० | ६०००० |
| १४२४९ | अन्य दस्तुर | ७०२३२५.५६ | १८००००० | १९००००० |
| १५१११ | बेरुजु | १८३५४१६ | ५००००० | ५००००० |
| १४२२४ | परीक्षा शुल्क | २७००० | ५००००.०० | ५०००० |
| ११३१४ | घरजग्गा रजिष्ट्रेशन | ६५८९७१.४ | ३००००० | ४००००० |
| १४२१९ | अन्यसेवा शुल्क बिक्रि | ६४७७३१.७ | ५००००० | ६००००० |
| १.१ | बैंक मौज्दात | ३०४००६०७.६२ | ३९३२९३६५.८० | १४८७६००० |
| २ | संघीय सरकारबाट प्राप्त हुने अनुदान | ३८३९४४१०६.३३ | ४२७६२०००० | ४५६१००००० |
| १३३११ | समानीकरण अनुदान संघीय | ९७०८२०८० | १०६७००००० | १०८२००००० |
| २६३३२ | ससर्त अनुदान | २७७७३८८१५.२९ | ३०३७२०००० | ३०६०००००० |
| २६३३३ | विशेष अनुदान | ० | ६८००००० | २९०००००० |
| २६३३४ | समपुरकअनुदान | ९१२३२११.०४ | १०४००००० | १२९००००० |



खण्ड ९) संख्या २ मंगलसेन राजपत्र, भाग १ मिति २०८३/०३/३०



मंगलसेन नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| ३ | सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान | २२०२५८७७.७० | २४९०५५०० | ५४९७१००० |
| १३३११ | समानीकरण अनुदान सुदूरपश्चिम प्रदेश सरकार | ९४३०००० | ९८६८००० | १००८२००० |
| २६३३२ | ससर्तअनुदान | ९६८५४८६.१० | ६५३७५०० | ३६४००००० |
| २६३३३ | विशेषअनुदान | २९१०३९१.६० | ६५००००० | ५६००००० |
| २६३३४ | समपुरक अनुदान | ० | २०००००० | २८८९००० |
| ४ | राजस्वबाँड फाँड | ११७४३६६६२.१२ | १०३७०३४२० | १०७५८९००० |
| ११४११ | संघीयराजस्व बाँडफाँड | १११११७४२९२ | ९८१२९४२० | १०१८७४००० |
| ११४५६ | सवारीसाधन कर प्रदेश सरकारबाट प्राप्त | ६४७५२०० | ५४७४००० | ५७१५००० |
| जम्मा | | ५६७१८९७५५.६८ | ६०५४५८२८५.८ | ६४४५४६०००. |



खण्ड ९) संख्या २ मंगलसेन राजपत्र, भाग १ मिति २०८३/०३/३०

| व्यय तर्फको अनुमान | | | | |
|---|---|---|---|---|
| व्यय | | | | |
| १ | चालु खर्च | ४०९३८३२८२.५१ | ४८३४८८७४५.८ | ४९७६०४००० |
| २ | पुजिगत खर्च | ११८४६८१०७.३७ | १२१९६९५४० | १४९८३१००० |
| ३ | बैंक मौज्दात | ३९३२९३६५.८० | | |
| जम्मा | | ५६७१८०७५५.६८ | ६०५४५८२८५.८ | ६४४५४६००० |

आज्ञाले
विष्णु प्रसाद ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत